MahadSunnah

# العقيقة : أحكام و شروط

# अकिका : नियम र सर्तहरू

اللغة النيبالية

नेपाली भाषा

**शेख डा. हैथम सरह़ान**

(अल्लाह उहाँको रक्षा गरून्)

ALSARHAAN.COM MAHADSUNNAH.COM

# अकिका - नियम र सर्तहरू।

अकिका त्यो बलिदान दिने वाला पशुलाई भनिन्छ।

जब कसैको घरमा नयाँ शिशुको आगमन हुन्छ र त्यस खुशी मा अल्लाह लाई धन्यवाद दिन को लागि जुन जानवर हलाल गरिन्छ त्यसलाई अकिका भनिन्छ।

अधिकाङ्श विद्वान हरुको भनाई छ कि यो सुन्नते मुअक्कदा हो। र छोरा को तर्फ बाट दुइ वटा बाख्रा र छोरी को तर्फ बाट एउटा बाख्रा हुनेछ।

जनावरहरूको आयुमा त्यही शर्त्तहरू राखिएको छ जुन कुर्वानीको जनावरहरू जस्तै भेडा बाख्राहरू को लागि जुन शर्त्तहरू राखिएको छ।

अर्थात भेडा छ (६) महिना वा त्यो भन्दा बढिको होस्।

तथा बाख्रा एक (१) वर्ष वा त्यो भन्दा बढीको होस्।

त्यस जनावरको कुनै पनि चीजहरू बेच्न मिल्दैन र कुर्वानीमा जुन चीजहरू मा ध्यान दिइनेछ यसमा पनि ती चीजहरू मा ध्यान दिइने गरिन्छ।

अर्थात यस्तो जानवर जस्को अन्धोपन जाहिर होस्।

यस्तो जानवर जस्को लङ्गडो पन जाहिर होस्।

यस्तो रोगी जनावर जस्को रोग जाहिर होस्।

तथा दुब्लो जनावर जस्मा बिलकुल मासु न होस्।

अकिका गर्न समय जब बच्चा आफ्नो आमा को पेट बाट यस धर्तीमा आउछ तब गरिन्छ त्यो भन्दा पहिला अकिका गर्न मिल्दैन।

सातौं (७) दिनमा अकिका गर्नु मुस्तहब हो।

यदि त्यो सम्भव भएन भने चौधौं (१४) दिनमा गर्नु सुन्नत हो।

यदि चौधौं वा दिन पनि सम्भव भएन भने एकाइसौँ (२१) दिनमा गर्नु पर्ने हुन्छ।

तथा जुन राति उ जन्मिएो त्यो राती लाइ न गनि त्यसको आर्को दिन देखि गनिने छ।

नबि (सल्लल्लाहु अलैहि वसल्लमले) भन्नु भयो प्रत्येक बच्चा उसको अकिका को बद्‌ला गर्वि हुने गर्दछ र जुन सातौं दिन उसको अकिका गरिनेछ र उसको नाम राखिनेछ।

अकिका को मासु आफुले खान पनि सकिन्छ र उसलाई उपहार को रुपमा पनि दिन सकिन्छ तथा दान पनि गर्न सकिन्छ।

यस सम्बन्धमा कुनै निर्धारित आधेश छैन जसरी पनि गर्न मिल्छ।